# आर्थिक विधेयक, २०७८ ले थप प्रदान गरेको छुट तथा सुविधाहरु (स्कीम)

| सि. नं | दफा | आर्थिक अध्यादेश, २०७८ को व्यवस्था (२०७८/२/१५) | आर्थिक विधेयक, २०७८ को व्यवस्था (२०७८/५/२५) |
|---|---|---|---|
| १. | ३४. | नभएको। | **करको दायरामा आउनेलाई कर, शुल्क तथा ब्याज मिन्हा हुने:** (१) चिकित्सक, कलाकार, पत्रकार, खेलाडी, इन्जिनियर, कानून व्यवसायी, लेखापरीक्षक, लेखापढी व्यवसायी, परामर्शदाता, अभिकर्ता तथा मध्यस्थकर्ता सेवा प्रदायक लगायतका प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को आफ्नो करयोग्य आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर संवत् २०७८ साल फागुन मसान्तभित्र बुझाई स्थायी लेखा नम्बर लिएमा सो मा लाग्ने शुल्क तथा ब्याज मिन्हा हुनेछ।<br>(२) उपदफा (१) बमोजिमको कर बुझाएमा आर्थिक वर्ष २०७५/७६ भन्दा अगाडिको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर, शुल्क तथा ब्याज र आर्थिक बर्ष २०७७/७८ सम्मको कारोबारमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने कर, थप दस्तुर, तथा ब्याज मिन्हा हुनेछ। |
| २. | ३५. | नभएको। | **पूर्वानुमानित तथा कारोबारमा आधारित आय विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्था:** (१) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) तथा (४क) बमोजिम आय विवरण र कर दाखिला गरेका करदाताहरुले आर्थिक वर्ष २०७३/७४ देखि २०७६/७७ सम्मको आफ्नो कारोबार घोषणा गर्दा वास्तविक कारोबार अंक फरक परेको भएमा त्यस्ता करदाताले संवत् २०७८ साल चैत मसान्तभित्र प्रत्येक आर्थिक वर्षको वास्तविक कारोबार घोषणा गरी फरक परेको बिक्री रकमको एक दशमलब पाँच प्रतिशत कर दाखिला गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुनेछ। यसरी कर दाखिला गर्ने करदाताहरुको सो भन्दा अघिल्ला आर्थिक बर्षहरुको आयकर तथा मूल्य अभिबृद्धि करको कारोबार अंक फरक परेको सम्बन्धमा कुनै छानविन, अनुसन्धान तथा कर निर्धारण गरिने छैन ।<br>(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिमको आय विवरण तथा उपदफा (४क) बमोजिम कारोबारमा आधारित कर विवरण र कर दाखिला गरेका करदाताहरुको आर्थिक बर्ष २०७३/७४ देखि २०७६/७७ सम्मको वास्तविक कारोबार अंक फरक परेको आधारमा मिति २०७८ असार मसान्तसम्म आयकरतर्फ संशोधित कर निर्धारण र मूल्य अभिबृद्धि करतर्फ कर निर्धारण भई वक्यौता रहेका करदाताले कर निर्धारण गर्दा कायम भएको थप विक्री रकमको एक दशमलब पाँच प्रतिशत कर संवत् २०७८ साल चैतमसान्तसम्म दाखिला गरेमा वा यस्तो कर निर्धारण उपर चित्त नबुझाई कानुन बमोजिम प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा पुनरावेदन गरेको करदाताले मुद्दा फिर्ता लिई कर निर्धारण गर्दा कायम |

| | | | |
|---|---|---|---|
| | | | भएको थप बिक्री रकमको एक दशमलब पाँच प्रतिशत कर दाखिला गरेमा बाँकि कर, थप दस्तुर, जरिवाना र शुल्क मिन्हा हुनेछ। यसरी कर दाखिला गर्ने करदाताहरुको सो भन्दा अघिल्ला आर्थिक वर्षहरुको आयकर तथा मूल्य अभिबृद्धि करको कारोबार अंक फरक परेको सम्बन्धमा कुनै छानबिन, अनुसन्धान तथा कर निर्धारण गरिने छैन । |
| ३. | ३६. | नभएको। | **<u>मूल्य अभिबृद्धि कर मिनाहा सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) विद्युत वितरण वा प्रशारणको कारोबार गर्ने करदाताले यस ऐन प्रारम्भ भएको दिनसम्म त्यस्तो सेवा बापत बुझाउन बांकि मूल्य अभिवृद्धि कर वा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट सो दिनसम्ममा कर निर्धारण भई बुझाउन बाँकि रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको जरिवाना, थप दस्तुर र व्याज मिन्हा हुनेछ।<br>(२) मूल्य अभिबृद्धि करमा दर्ता भई कारोबार गर्नुपर्ने ढुवानी सेवाको कारोबार गर्ने करदाताले मूल्य अभिवृद्धि करमा दर्ता नभएको कारण दाखिला गर्नुपर्ने मूल्य अभिबृद्धि कर दाखिला नगरेको भए मूल्य अभिबृद्धि कर लाग्ने अवधिको कारोबारको स्वयं घोषणा गरी सोको तेह्र प्रतिशतले हुने मूल्य अभिबृद्धि कर संवत् २०७८ साल पुस मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने थप दस्तुर, ब्याज र जरिवाना मिन्हा हुनेछ। साथै यस्तो कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई वक्यौता रहेका वा सो उपर प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन गरेको वा राजस्व न्यायाधिकरणमा पुनरावेदन गरेको मुद्दा विचाराधीन रहेकोमा त्यस्ता करदाताले मुद्दा फिर्ता लिई निर्धारित कर रकम दाखिला गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिन्हा हुनेछ। |

## आर्थिक विधेयक, २०७८ ले स्वास्थ्य जोखिम कर असुलीमा गरेको संशोधन

| सि. नं | दफा | आर्थिक अध्यादेश, २०७८ को व्यवस्था (२०७८।२।१५) | आर्थिक विधेयक, २०७८ को व्यवस्था (२०७८।५।२५) |
|---|---|---|---|
| १. | ७. | **<u>स्वास्थ्य जोखिम कर</u>**: (१) विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित बिंडीमा प्रति खिल्ली पच्चीस पैसा, चुरोट र सिगारमा प्रति खिल्ली पचास पैसा र खाने सुर्ती, खैनी, गुट्खा, पान मसलामा प्रति किलोग्राम चालिस रुपैयाँका दरले समदरमा स्वास्थ्य जोखिम कर लगाई असुल गरिनेछ। | **<u>स्वास्थ्य जोखिम कर</u>**: (१) विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित बिंडीमा प्रति खिल्ली **तीस** पैसा, चुरोट र सिगारमा प्रति खिल्ली **साठी** पैसा र **तयारी** खाने सुर्ती, खैनी, गुट्खा, पान मसलामा प्रति किलोग्राम **साठी** रुपैयाँका दरले समदरमा स्वास्थ्य जोखिम कर लगाई असुल गरिनेछ। |